जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक १० २०७७ साल साउन १२ गते सोमबार (27 July 2020 Monday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बावु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणवाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : विपद्बाट हुने सम्भावित ... ३ पृष्ठमा : मध्य महामारीमा ... ३ पृष्ठमा : विश्वभर सङ्क्रमितको संख्य ...

# सप्तरीमा एकै दिन थपिए २० जना संक्रमित
## एक न्यायाधिश र सुरक्षाकर्मी पनि संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**

अघिल्लो दिन सात जना संक्रमित फेला परेको सप्तरीमा आइतबार एकै दिन २० जना कोरोना संक्रमित भएको पुष्टि भएको छ । योसँगै जिल्लामा संक्रमितको संख्या ४ सय ४७ पुगेको छ ।

गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाका अनुसार राजविराजका संक्रमित दुई मध्ये उच्च अदालत जनकपुर राजविराज इजलाशका एक जना न्यायाधिश र अर्को वडा प्रहरी कार्यालय राजविराजका सुरक्षाकर्मी छन् ।

आइतबार राजविराज ८ का २० वर्षिय पुरुष, राजविराज २ का एक महिला र एक पुरुष, हनुमाननगर कंकालिनी नगरपालिका १२ का २६ र २७ वर्षिय पुरुष, वडा नं. १ की एक महिला, राजगढ गाउँपालिकाका २५, २५, २५, ३०, २० र २८ वर्षिय पुरुष तथा डाक्नेश्वरी नगरपालिकाका २५ वर्षिय १ पुरुषमा कोरोना संक्रमण भेटिएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

त्यस्तै आईतवारै तिरहुत गाउँपालिका २ का २६, वडा नं. ३ का ३८, वडा नं. ४ का २६ र वडा नं. ५ का २८ वर्षिय २ जना पुरुषमा पनि कोरोना संक्रमण देखिएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यता कोरोना रोकथामका लागि चार दिनदेखी निषेधाज्ञा जारि गरिएका कारण राजविराज बजार चौथो दिन आइतबार पनि सुनसान देखिएको छ । बजारमा सुरक्षाकर्मी व्यापक रुपमा परिचालन गरिएका छन् भने सर्वसाधारण फाटफुट रुपमा मात्र सडकमा देखिएका छन् ।

जिल्ला प्रशासन कार्यालय सप्तरीका सूचना अधिकारी आनन्द ठाकुरले परिस्थितिको आकलन गर्दै निषेधाज्ञा थपघट बारे निर्णय लिइने बताएका छन् ।

यता जिल्ला जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले सप्तरीका ८३ ठाउँमा क्वारेन्टाइन बनाइएकोमा हाल ३३ वटा क्वारेन्टाइनमा आसंकित राखिएको र दिनहुँ स्वाब संकलन कार्य भइरहेको जानकारी दिए ।

उनले कोरोनाको संक्रमण समुदायमा फैलिने उच्च सम्भावना देखिएकाले सबैलाई उच्च सतकर्ता अपनाउन आग्रह समेत गरेका छन् ।

# ७४ बोरा युरिया मलसहित एक पक्राउ


**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**

भन्सार छलेर अवैध रुपमा भण्डारण गरि राखेको ७४ बोरा युरिया मलसहित एक जनालाई सप्तरी प्रहरीले राजविराजबाट आइतबार पक्राउ गरेको छ ।

राजविराज नगरपालिका वडा नं. ६ स्थित न्यु सगरमाथा एग्रोभेट सेन्टरमा प्रहरीले छापा मारि ५५ हजार मुल्य वरावरको ७४ बोरा युरिया मलसहित एक जनालाई पक्राउ गरेको हो ।

विशेष सूचनाका आधार प्रहरीले एग्रोभेटमा छापामारी पसल तथा पसल अगाडि रहेको स.१ज. ४६४ नं. को गाडि र चालक राजविराज नगरपालिका १५ निवासी ४० वर्षिय महेन्द्र प्रसाद यादव समेतलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता युरिया मल र गाडिसहित करिव ३ लाख ५५ हजार मुल्य वरावरको सामान चालक सहित भन्सार कार्यालय तिलाठिमा वुझाईएको प्रहरीले जनाएको छ ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

प.सं. :- ०७७/७८
च.नं. :-

**मास्क नलगाउने विरुद्ध कारवाही गरिने सम्बन्धी**
**अत्यन्त जरुरी सूचना**

कोभिड- १९ रोगको नियन्त्रण, रोकथाम तथा प्रतिकार्यका सम्वन्धमा निश्चित शर्त र मापदण्डका आधारमा केही सेवा र गतिविधिहरु खुला गर्ने, सोको समन्वय, सहजीकरण गर्ने विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को विभिन्न मितिमा विभिन्न निर्णयहरु भएका छन् ।

त्यस्ता मापदण्ड तथा शर्त बन्देजहरु पालना नगर्ने, सामाजिक दुरी कायम नगरी भीडभाड गर्ने, स्वास्थ्य सम्बन्धी मापदण्ड उल्लंघन गर्ने र बिना मास्क घर बाहिर हिडडुल गर्ने प्रवृत्तिलाई नियन्त्रण गरी संक्रमणको जोखिम घटाउन सकिन्छ ।

यसर्थ सेनिटाइजर प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने, कुनै पनि सार्वजनिक स्थल, कार्यालय तथा पसल वा हाटबजारमा जाँदा वा सार्वजनिक सवारी साधनहरुमा यात्रा गर्दा अनिवार्य रूपमा मास्क प्रयोग गर्ने जस्ता कुराहरु अनिवार्य रुपमा पालन गर्न गराउन सबै सर्वसाधारण तथा सेवा प्रदायक निकाय वा संस्थाहरुलाई समेत सूचित गरिन्छ । यो सूचनाको बर्खिलाप गरी उक्त सजगताका उपायहरु नअपनाउने तथा मास्कको प्रयोग नगरी अटेरी गर्नेहरुलाई संक्रामक रोग ऐन २०२० बमोजिम कडा कारबाही गरिने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

[illegible] कट्टेल
प्रशासकीय अधिकृत




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४



# काँग्रेसमा अनुशासन उल्लङ्घन गर्नेलाई धमाधम कारवाही गरिँदै

काठमाडौँ, ११ साउन (रासस)। नेपाली काँग्रेसले पार्टी विधानको अनुशासन उल्लङ्घन गर्नेलाई कारवाही प्रक्रिया तीव्र बनाएको छ। काँग्रेसको केन्द्रीय अनुशासन समितिले गत तीन तहका निर्वाचनमा पार्टीको उम्मेदवारविरुद्ध स्वतन्त्र उम्मेदवारी दिने, असहयोग गर्ने र पार्टीको अनुशासन उल्लङ्गन गर्ने अधिकांशलाई कारवाही गरेको छ।

समितिमा स्थानीय, प्रदेश एवं सङ्घीय निर्वाचनको क्रममा पार्टीका विभिन्न तहका नेता तथा कार्यकर्तालाई आधिकारिक उम्मेदवारलाई असहयोग गरेको भनी नगर वडासमिति, साविकको गाविस वा गाउँपालिका कार्यसमिति, नगर कार्यसमिति तथा साविकको क्षेत्रीय कार्यसमितिबाट सिफारिस भई आएका र सम्बन्धित उम्मेदवारको समेत गरी एक हजार २५० उजूरी परेका थिए।

सो उजूरीमध्ये छानबिन गरी अधिकांशलाई विधानअनुसार कारवाही गरिएको समिति सदस्य धनराज गुरुङले जानकारी दिनुभयो। शनिबार बसेको समिति बैठकले तनहुँ निवासी पूर्व सहमहामन्त्री एवं पूर्वमन्त्री गोविन्दराज जोशी र कैलाली निवासी पूर्व राज्यमन्त्री एवं महासमिति सदस्य पुष्करनाथ ओझालाई पार्टीको विधानअनुसार अनुशासन उल्लङ्घन गरेको आरोपमा पाँच वर्षका लागि पार्टीबाट निष्काशन गर्ने निर्णय गरेको छ।

जोशीलाई पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेलविरुद्ध उम्मेदवारी दिएको र ओझालाई पार्टीका आधिकारिक उम्मेदवार आरजु राणा देउवालाई असहयोग गरेको आरोपमा कारवाहीको माग गर्दै उजूरी परेको थियो।

यसैगरी बैठकले डडेल्धुराका जिल्ला कार्यालय सचिव रामबहादुर विष्टलाई पार्टीको विधानअनुसार अनुशासन उल्लङ्घन गरेको आरोपमा तीन वर्षका लागि पार्टीबाट निष्काशन गर्ने निर्णय गरेको समितिले जनाएको छ। उहाँहरु तीनै जनालाई समितिको गत फागुन १९ गतेको बैठकले कारवाही किन नगर्ने भनी तीन दिनको म्याद राखी अन्तिम स्पष्टिकरण सोधेका थियो।

निजहरुले दिएको स्पष्टिकरण चित्तबुझ्दो नभएको र केन्द्रीय अनुशासन समितिलाई प्राप्त सबुद प्रमाण अडियो भिडियोको आधारमा तीनै जनाले विधानअनुसार अनुशासन उल्लङ्घन गरेको आरोपमा पार्टीबाट निष्काशन गर्ने निर्णय गरिएको हो। समितिले यसअघि पार्टीका आधिकारिक उम्मेदवार विरुद्ध स्वतन्त्र उम्मेदवारी दिने, निजका प्रस्तावक र समर्थक गरी जम्मा २७९ जनालाई पाँच वर्षका लागि पार्टीबाट निष्काशन गर्ने निर्णय गरेको नेता गुरुङले जानकारी दिनुभयो। समितिले बाँकेका महासमिति सदस्य महेन्द्र मल्ललाई विधानबमोजिम अनुशासन उल्लङ्न गरेको भन्दै गत असार २४ गते पाँच वर्षका लागि पार्टीबाट निष्काशन गर्ने निर्णय गरेको थियो।

यसैगरी समितिले उजूरीसँग सम्बन्धित बाँकी आरोपीलाई पार्टीको वृहत्तर हितमा कार्य गर्न सचेत गराउँदै आगामी दिनमा निजहरुले पार्टीमा खेल्ने भूमिका एवं गतिविधिअनुसार मूल्याङ्कन गर्दै जाने कुरा सूचित गर्ने निर्णय गरेको छ।

समितिले उजूरीसँग सम्बन्धित आरोपीलाई स्पष्टिकरणको पत्राचार गरिएकामा कतिपय जिल्लाबाट आरोपितहरुलाई पत्र नबुझाएको भन्ने गुनासो आरोपितबाट आएको हुँदा पार्टीका सम्बन्धित जिल्ला सभापतिलाई समेत सचेत गराएको छ।

काँग्रेस केन्द्रीय सदस्य भीष्मराज आङदेम्बे संयोजकत्वको केन्द्रीय अनुशासन समितिमा पार्टीका केन्द्रीय सदस्यहरु उमाकान्त चौधरी, धनराज गुरुङ, किशोरसिंह राठौर र देवेन्द्रराज कँडेल सदस्य हुनुहुन्छ।

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विपद्‌बाट हुने सम्भावित क्षति रोक्न उच्च तयारी, ७७ जिल्लामै परिपत्र

काठमाडौँ, ११ साउन (रासस)। मनसुन न्यून चापीय क्षेत्र नेपाल नजीक आएर सोमबारदेखि पुनः मौसम सक्रिय हुने देखिएपछि विपद्‌बाट हुने सम्भावित क्षति रोक्न ७७ वटै जिल्लामा उच्च तयारी थालिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आइतबार ७७ वटै जिल्लामा परिपत्र गरेर तयारीमा लाग्न निर्देशन दिइएको हो। "सबै जिल्लाका जोखिम क्षेत्र पहिचान भएको ठाउँमा अग्रिम टोली तयारीमा राख्न र आवश्यक उद्धार तथा राहत सामग्री दुरुस्त राख्न भनिएको छ", प्राधिकरणका प्रमुख अनिल पोखरेलले रासससँग भन्नुभयो, "सम्भावित क्षति रोक्न क्षमताले भ्याए सम्मको उच्च तयारी गरिरहेका छौँ।"

यसअघि उच्च तयारी हुँदाहुँदै पहिराका कारण मुलुकले ठूलो क्षति बेहोरेको छ। यस वर्ष बाढीपहिरो र चट्याङबाट १८१ जनाले ज्यान गुमाइसकेका छन् भने ५१ जना अझै बेपत्ता छन्। सबैभन्दा बढी १२८ जनाको पहिराका कारण मृत्यु भएको छ। भोलि सोमबार साँझदेखि विभिन्न स्थानमा भारी वर्षा हुनसक्ने भएकाले क्षति रोक्न आवश्यक तयारी थालिएको र सर्वसाधारणलाई जोखिम क्षेत्रमा नबस्न भनिएको छ। यसअघि दुईपटक यसरी नै लगातार भारी वर्षा भइसकेको छ।

पोखरेलका अनुसार स्थानीय तह र प्रदेश सरकारसँग समेत समन्वय गरेर विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक कदम चाल्न अनुरोध गरिएको छ। जिल्ला प्रशासनलाई सञ्चारमाध्यामबाट आवश्यक सूचना प्रवाह गर्न तथा सुरक्षा निकाय, रेडक्रस एवं सरोकारवाला निकायलाई समेत परिचालन गर्न निर्देशन भएको पोखरेलले बताउनुभयो।

जल तथा मौसम विज्ञान विभागका अनुसार वर्षा गराउने मनसुन न्यून चापीय रेखा नेपालको तराई भू-भाग नजीक आउने भएकाले सोमबार साँझबाट मुलुकका धेरैजसो स्थानमा मौसम पुनः सक्रिय हुने देखिएको छ। विभागले आइतबार एक विज्ञप्ति जारी गरी १२ देखि १६ गतेसम्म नै मौसम सक्रिय हुने जनाएको छ। सोही क्रममा पर्याप्त जलवाष्पयुक्त हावासमेत नेपाल आउनेछ।

यसले मुख्यगरी प्रदेश ५, कर्णाली, सुदूरपश्चिम तथा वाग्मती प्रदेशका केही स्थानमा प्रदेश १ र २ का थोरै स्थानमा भारी वर्षा गराई पहिरो र बाढीको जोखिम रहेको मौसमविद् समिर श्रेष्ठले जानकारी दिनुभयो। श्रेष्ठले भन्नुभयो, "अस्ति साउन ४, ५ गतेको जस्तै वर्षाको सम्भावना छ, त्यसैले सर्वसाधारणले उच्च सावधानी अपनाउनुपर्छ।"

विभागका अनुसार साउन १३ देखि १५ गतेसम्म विशेषगरी गण्डकी, कर्णाली, सुदूरपश्चिम, प्रदेश र प्रदेश नं ५ का मध्य पहाडी भूभाग भई बग्ने नदीमा जलसतह उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्ने सम्भावना रहेको छ। प्रदेश १ वाग्मती प्रदेशका मध्य पहाडी भूभाग भई बग्ने भोटेकोशी, वाग्मती, नदीमा समेत बहाव सामान्य बढ्ने तथा ती प्रदेशका मध्य पहाडी भूभाग भई बग्ने अधिकांश साना नदीनाला तथा खहरे खोलामा आकस्मिक बहावसमेत आउन सक्ने पूर्वानुमान छ।

त्यस्तै प्रदेश १, २, ५ र सुदूरपश्चिम प्रदेशको चुरे भई बग्ने केही मझौला तथा साना खोलानालामा समेत बहाव बढ्ने कुनै स्थानमा आकस्मिक बहाव आउने तराई र चुरे क्षेत्रका होचा क्षेत्र डुबानमा पर्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन बाढी पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ।

विभागले आइतबार एक विज्ञप्ति जारी गरी बाढी र मौसमसम्बन्धी दैनिक बुलेटिन हेर्न, बाढी पूर्वसूचना र मौसम पूर्वानुमानका साथै मोबाइलमा आउने एसएमएसबारे अद्यावधिक रहनसमेत सूचित गरेको छ। मौसमको अवस्थाबारे जानकारी लिनु परेमा ४११३१९१ र बाढीका लागि ११५५ नम्बर चौबिसै घण्टा खुला रहने जनाइएको छ। नेपालमा यसपालि जेठ ३० बाट मनसुन सक्रिय भएको थियो। असार २५ देखि २९ गतेसम्म न्यून चापीय रेखा नेपाल नजीक आउँदा मुलुकका अधिकांश क्षेत्रमा भारी वर्षा भएको थियो। यस्तै साउन ४ देखि ६ गतेसम्म पुनः मनसुनी वर्षा भएको थियो।

प्रिमनसुनको समयदेखि नै भारी वर्षा भएकाले यसपटक औसतभन्दा बढी वर्षा हुँदा जमीन पूर्ण रूपमा गलेको, भूकम्पका कारण धाँजा फाटेको ठाउँबाट पानी पसेर भित्र भाग चलायमान गराइसकेकाले सामान्य पानी पर्दासमेत सचेत हुनुपर्ने मौसमविद्को भनाइ छ। पहिले गएका पहिरो सक्रिय हुनसक्ने तथा जमीन गलिसकेकाले थोरै पानी पर्दा पनि अन्य क्षेत्रमा समेत पहिरो खस्न सक्ने तथा नदीमा एक्कासि बाढी बढ्ने भएकाले सावधानी अपनाउन भनिएको छ।

# बजेट अबण्डामा राख्दा ५३ प्रतिशत फ्रिज

वीरगञ्ज, ११ साउन (रासस)। प्रदेश नं २ मा आर्थिक वर्ष २०७६/७७ मा विनियोजित गरेको बजेटमध्ये ५३ प्रतिशत बजेट फ्रिज भएको छ। सो आर्थिक वर्षमा प्रदेश २ सरकारले ल्याएको कूल बजेट रु ३८ अर्ब ७२ करोड ५६ लाख ६१ हजारमध्ये ४७ प्रतिशत अर्थात रु १८ अर्ब दुई करोड ३० लाख ५० हजार खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साले जनाएको छ।

गत आर्थिक वर्षको अन्तिम असार मसान्तसम्ममा प्रदेश २ को आठ जिल्लामा पुल ४७ प्रतिशत बजेट मात्र खर्च हुन सकेको छ। खासगरी स्थानीय निकायले असारे विकासलाई निरन्तरता दिँदा एकातिर गुणस्तरहीन काम भएको छ भने अर्कोतिर लक्ष्यअनुसारको बजेट खर्च गर्न नसक्दा प्रदेश २ मा ५३ प्रतिशत बजेट फ्रिज हुनुलाई जनप्रतिनिधिको विकास विरोधी मनसाय रहेको आरोप लाग्दै आएको छ।

प्रदेश २ सरकारले ल्याएको बजेटमध्ये पर्सा जिल्लामा पूँजीगततर्फ रु एक अर्ब ९९ करोड छुटयाइएकामा रु एक अर्ब २० करोड अर्थात् ५९ दशमलव ४९ प्रतिशत मात्र खर्च हुन सकेको छ। आव २०७५/७६ मा प्रदेश २ मा ५१ प्रतिशतभन्दा बढी रकम खर्च भएको थियो।

पर्सा जिल्लामा एक महानगरपालिकासहित १४ स्थानीय तह रहेको छ। प्रदेश सरकार र सङ्घीय सरकारले ती स्थानीय तहलाई पर्याप्त बजेट दिएपनि कतिपय स्थानीय तहका जनप्रतिनिधिले विकासको नाममा राजनीतिक गर्ने गरेकाले अधिकांश बजेट फ्रिज हुने गरेको वीरगञ्ज महानगरपालिका-२४ विजय पण्डितको आरोप छ।

गत आर्थिक वर्षमा कोभिड-१९ को महामारी, अबण्डा रकम बढी हुनु तथा खर्चको अवस्था निराशाजनक देखिएकोले सन्तोषजनक काम हुन नसक्दा बजेट फ्रिज हुन गएको कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साका प्रमुख लेखा नियन्त्रक लक्ष्मीप्रसाद पौडेलले राससलाई बताउनुभयो।

यसैगरी आव २०७६/७७ मा बारा जिल्लामा रु ७७ करोड ३५ लाख बजेट दिएकोमध्ये ६१ दशमलव ६८ अर्थात् रु ३९ करोड ३५ लाख मात्र खर्च हुनसकेको छ। यसैगरी रौतहट जिल्लाका लागि पूँजीगततर्फ कूल रु एक अर्ब ४० करोड बजेट उपलब्ध गराएकोमा ७१ प्रतिशत अर्थात् रु एक अर्ब चार करोड खर्च भएको छ। यस्तै सर्लाही जिल्लामा कूल बजेट रु ९७ करोड ८४ लाख प्रदेश सरकारले उपलब्ध गराएकामा ६८ दशमलव ४७ प्रतिशत अर्थात् रु ४२ करोड ४३ लाख मात्र खर्च हुनसकेको छ।

यसैगरी प्रदेश नं २ को महोत्तरी जिल्लामा पूँजीगत तर्फ रु ६९ करोड ९१ लाख बजेट छुटयाइएकामा ७२ दशमलव २ प्रतिशत वा रु ४५ करोड ८७ लाख मात्र खर्च हुनसकेको छ। प्रदेश नं २ मा रहेका अन्य जिल्लामध्ये सबैभन्दा कम महोत्तरी जिल्लालाई बजेट दिइएको थियो।

यसैगरी प्रदेश सरकारले धनुषा जिल्लाको लागि चालुतर्फ रु १० अर्ब ४८ करोड रकम छुटयाइएकामा रु तीन अर्ब २८ करोड खर्च भएको बताइएको छ। सोही जिल्लालाई पूँजीगत खर्चतर्फ रु ११ अर्ब ४५ करोड छुटयाइएकामा र दुई अर्ब ८७ करोड मात्र खर्च हुनसकेको छ। प्रदेश सरकारले सबैभन्दा बढी धनुषा जिल्लाको लागि बजेट छुटयाइएकामा सबैभन्दा निराशजनक यसै जिल्लामा भएको प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख मनोजकुमार दासले बताउनुभयो।

यसैगरी प्रदेश सरकारले सिरहा जिल्लाका लागि रु एक अर्ब ४८ करोड बजेट छुटयाइएकामा रु एक अर्ब ११ करोड मात्र खर्च हुनसकेको छ। यसैगरी सप्तरी जिल्लामा कूल रु एक अर्ब १९ करोड छुटयाइएकामा ६७ दशमलव ७५ प्रतिशत अर्थात रु ७३ करोड ३४ लाख मात्र खर्च हुनसकेको छ। प्रदेश सरकारले स्थानीय तहलाई विकासको लागि पठाउने रकममा जनप्रतिनिधिले खर्च गर्न नसकेर फ्रिज भएको रकमलाई लिएर स्थानीयवासीले देश सङ्घीयतामा गए पनि सिंहदरबारको अनुभूति भने हुन नसकेकामा चिन्ता

# विदेशमा कोरोना सङ्क्रमितमध्ये ९३ प्रतिशत सङ्क्रमणमुक्त

काठमाडौँ, ११ साउन (रासस)। विश्वभर महामारीका रुपमा फैलिरहेको कोरोना भाइरसको सङ्क्रमणका कारण विदेशमा यस साता थप एक नेपालीको निधन भएको छ। गैरआवासीय नेपाली सङ्घ, स्वास्थ्य समितिका अनुसार यस हप्ता संयुक्त अधिराज्यमा एक जनाको निधन भएको हो।

यससँगै शनिबार साँझसम्म विदेशमा कोरोना सङ्क्रमणका कारण निधन हुने नेपालीको सङ्ख्या १६१ पुगेको समितिका संयोजक डा सञ्जीव सापकोटाले जानकारी दिनुभयो। समितिका अनुसार ३६ मुलुकमा रहेका कूल ३१ हजार १५० सङ्क्रमित नेपालीमध्ये २९ हजार २४३ जना अर्थात् ९३ प्रतिशतभन्दा बढी कोरोना सङ्क्रमणमुक्त भएका छन्।

अघिल्लो साता अफ्रिकी मुलुकमा कोरोना भाइरसबाट सङ्क्रमित नेपालीमध्ये अधिकांश सङ्क्रमणमुक्त भए पनि यस साता त्यहाँ सङ्क्रमणदर केही बढेको सङ्घले जनाएको छ। यसैगरी संयुक्त अरब इमिरेट्स, कतार, कुवेत र साउदी अरबमा रहेका नेपालीमा पनि यस साता सङ्क्रमण बढेको छ।

समितिले सार्वजनिकस्थलमा जाँदा र सवारी साधन प्रयोगका क्रममा अपनाउनुपर्ने स्वास्थ्य मापदण्ड सम्बन्धमा विशेष मार्गदर्शनसमेत तयार पारेको छ। समितिले सार्वजनिकस्थलमा जाँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्नसमेत सुझाएको छ।

# मध्य महामारीमा अमेरिकामा चुनावी सरगर्मी

वाशिङ्गटन डिसी, ११ साउन (रासस)।

विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरसको महामारीबाट विश्वसमुदाय महिनौँदेखि आक्रान्त छ। यो महामारीबाट सबैभन्दा बढी प्रभावित देश अमेरिका भएको छ र यहाँ ४३ लाखभन्दा बढी मानिसमा सङ्क्रमण फैलिएको छ। यहाँका एक लाख ४९ हजारभन्दा बढी मानिसको यही महामारीबाट ज्यान गइसकेको छ।

यतिखेर अमेरिका मध्य महामारीमा छ जस्तो देखिन्छ। तर पनि नागरिक कोरोनाको कहरमा रहेको यस समयमा यहाँ भने आगामी नोभेम्बरमा हुने निर्वाचनको सरगर्मी बढेको देखिएको छ। लगभग विश्वकै ध्यान खिच्ने गरेको अमेरिकी राष्ट्रपतिको निर्वाचन आगामी नोभेम्बर ३ मा हुदैछ। त्यस दिन हुने निर्वाचनले अमेरिकाको ५९औँ राष्ट्रपति चयन गर्नेछ। चुनावी मिति आउन सय दिनभन्दा केही बढी भएको अवस्थामा कोरोना भाइरसका सङ्क्रमित र यसबाट मृत्यु हुने नागरिकको सङ्ख्या भने फेरि पनि उकालो लागिरहेको देखिएको छ। यस्तो अवस्थालाई यहाँका केही जनस्वास्थ्य विज्ञहरुले मध्य महामारीको नाम दिएका छन्। अनि कतिपयले भने यस्तो अवस्थामा निर्वाचनको अभियान शुरु हुने बताइरहेका छन्। तर चुनावी अभियानको प्रचारप्रसार र सामाजिक सञ्जालमा देखापरेका विज्ञापनहरु हेर्ने हो भने अमेरिका कोरोना भाइरससँग जुध्नेभन्दा पनि बढी चुनावमा ध्यान केन्द्रित गरेको देखिन्छ।

चीनको वुहानवाट उत्पन्न भएर युरोप हुँदै अमेरिका भित्रिएको ठानिएको कोरोना भाइरसले अमेरिकाको राजनीतिमा कस्तो उथलपुथल ल्याउला भन्ने कुरा भने अहिले नै भन्न गाह्रो छ। तर पनि एउटा सत्य के हो भने अमेरिकाले जति नै कोरोना भाइरसका कारणले क्षति व्यहोर्नु परेको विश्वमा अर्को राष्ट्र छैन। यसको सामाजिक आर्थिक क्षतिका बारेमा अहिलेसम्म ठोस रिपोर्ट सार्वजनिक भइसकेको भने छैन।

यस्तो अवस्थामा हुन लागेको निर्वाचनको नतिजा अमेरिकीलाई मात्र नभएर विश्वलाई समेत व्यग्र प्रतिक्षाको विषय बनेको छ। चुनावी मैदानमा उत्रिएर पुनःआफूलाई निर्वाचित गराउन आह्वान गर्दै अभियानमा होमिनुभएका राष्ट्रपति डोनाल्ड ट्रम्प सङ्कट समाधानका लागि आफ्नो प्रशासनले समयमा नै महत्वपूर्ण निर्णय लिन सफल भएको भन्दै वचाउ गर्दै आउनुभएको छ। उहाँ आफ्ना समर्थकको माझमा उभिएर महामारीको घडीमा उपलब्ध स्रोत र साधन उपलब्ध गराएर जनताको जीवनरक्षा गर्न आफ्नो प्रशासनले भरमग्दुर प्रयास गरेको दोहोऱ्याउनु हुन्छ। तर विपक्षी पार्टीका उम्मेदवार जो वाइडनले भने कोरोना भाइरसका कारण उत्पन्न सङ्कटलाई सम्बोधन गर्न नसकेको भन्दै ट्रम्प प्रशासनको चर्को आलोचनामा आफ्नो ध्यान केन्द्रित गर्नुभएको देखिन्छ। जो वाइडनले विज्ञहरुले दिएको सुझावविपरीत सार्वजकिन स्थानमा ट्रम्पले मास्क नलगाएर भाइरसलाई खेलबाड गर्नुभएको, कुनै वैज्ञानिक तर्क र प्रमाणविना नै जुन पायो त्यही औषधि कोरोनाका लागि उपयुक्त हुने भन्दै सिफारिश गरेको मात्र नभई सार्वजनिक अभिव्यक्ति नै दिनुभएका कारण उहाँ पदमा बस्नयोग्य नरहेको टिप्पणी गर्दै आउनुभएको छ।

विश्वको महाशक्ति देशको शासनको बागडोर सम्हाल्ने राष्ट्रपति डोनाल्ड ट्रम्प कोरोना भाइरसलाई चाइनिज भाइरसको सङ्ज्ञा दिँदै आप्रवासीसम्बन्धी व्यवस्थाको आलोचना गर्ने मतदातालाई आफ्नो पक्षमा पार्न प्रयासरत रहनुभएको छ। तर बितेका चार वर्षमा ह्वाइट हाउसमा सेवा गरेर विभिन्न कारणले बाहिरिएकादेखि विभिन्न कालखण्डमा सेवा गरेकासमेत राष्ट्रपति डोनाल्ड ट्रम्पकोविरुद्धको मोर्चाबन्दीमा सामेल भएका छन्। त्यति मात्र होइन ट्रम्पको विरुद्धमा रिपब्लिकन मतदाता भनेर गत मे देखि राजनीतिक प्रयासको थालनी गरिएको छ। यसले राष्ट्रपति ट्रम्पलाई मतदान नगर्न अपिल गर्दै सामाजिक सञ्जालमा विज्ञापन प्रस्तुत गर्ने जनाएको छ।

यिनीहरुले पेन्सलभेनिया, विसकन्सिन, मिचिगन, फलोरिडा, नर्थ क्यारोलिना एरिजोनाका मतदातालाई जागरुक गराउनेसमेत जनाइएको छ। अमेरिकाको राष्ट्रपतीय निर्वाचनमा रिपब्लिकन र डेमोक्रयाट स्टेटको मत प्रक्षेपणको नजिक पुग्ने गरे तापनि केही राज्यको मतदान भने चुनावको दिन मात्र थाहा हुने भएकाले यसमा चुनावी अभियानलाई तीव्र पार्ने गरिन्छ। सन् २०२० का लागि यसरी पछिमात्र मत थाहा हुने राज्यहरुमा कोलोराडो, फलोरिडा, आईवा, मिचिगन, मिनासोटा, नेभडा, न्यूह्याम्पसायर, नर्थ क्यारोलिना, ओहियो, पेन्सलभेनिया, भर्जिनिया र विसकन्सिन रहेका छन्। यी राज्यमा जसको अवस्था मजबुत भयो उसले राष्ट्रपतीय निर्वाचन आफ्नो पोल्टामा पार्न सक्नेछ।

अमेरिकाको चुनावमा चासो र चर्चामा रहने मुद्दामा आप्रवासन, व्यापार, बेरोजगारी, स्वास्थ्य बीमा, बन्दुक नियन्त्रण जस्ता विषय घरेलु मुद्दाका रुपमा उठाइएको छ भने कोभिडलाई समयमा नै नियन्त्रण गर्न ट्रम्प प्रशासन सक्षम नभएको चर्को आलोचना गरिएको छ। सायद आसन्न निर्वाचनमा यो पनि एक मुद्दा बन्न सक्छ।

यसका अतिरिक्त सोही दिन ४७० सिटका लागि काँग्रेस र सिनेटमा चुनाव हुँदैछ। तल्लो सदन काँग्रेसको हरेक दुई वर्षमा हुने ४३५ सिटका लागि निर्वाचन हुनेछ भने सिनेटको तीन तहमध्ये एक तहमा विभाजन गरिएको ३५ सिटको पनि त्यही दिन निर्वाचन हुनेछ। एक सय सिट भएको सिनेटमा हाल रिपब्लिकन पार्टीको बहुमत रहेको छ। जसमा ५३ जना रिपब्लिकन र ४५ जना डेमोक्रयाट रहेका छन्। अरु दुई जना स्वतन्त्र छन्। काँग्रेसमा भने डेमोक्रयाट पार्टीको बहुमत रहेको छ।

यसपटक काँग्रेस डेमोक्रयाट पार्टीका हरेक तप्कामा सिनेटमा बहुमतको वर्चस्व कायम गर्दै ह्वाइट हाउसमा आफ्ना प्रतिनिधि पुऱ्याउने तयारीमा रहेका छन्। तर जनताले सो पार्टीको एजेण्डालाई कसरी आत्मसात् गर्नेछन् त्यसका लागि भने नोभेम्बर ३ तारिख नै कुर्नुपर्ने हुन्छ।

कोरोना भाइरसका कारण उत्पन्न समस्यामा स्थानीय सरकारका रुपमा रहेका गभर्नर मेयरले सन्तोषजनक काम नगरेको भनेर राष्ट्रपति डोनाल्ड ट्रम्पले आलोचना गर्दै आउनुभएको छ। खासगरी डमोक्रयाट जनप्रतिनिधिको उदारवादी सोचका कारण भाइरसका बारेमा धेरै हल्ला गरिएको राष्ट्रपति ट्रम्पको भनाइ सार्वजनिक हुँदै आएको छ। गत मे १५ तारिखमा यदि गभर्नरहरुले सेन्टर फर डिजिज कन्ट्रोलको निर्देशिका अनुसार काम नगरे उनीहरुको अधिकारमाथि हस्तक्षेप गर्छु भन्ने ट्रम्पको भनाइको पनि चर्को आलोचना भएको थियो।

चुनावी सर्वेक्षणले दोहोरो अङ्कमा वाइडनको अग्रता देखाएको भए पनि कतिपय स्थानीय मुद्दामा राष्ट्रपति डोनाल्ड ट्रम्पले अग्रता राख्न सफल हुनुभएको छ। तर तीन महिनाको चुनावी अभियानका लागि सङ्कलन गरिएको रकममा वाइडेनले तल्लो तहका मतदाताबाट राम्रो रकम सङ्कलन गर्न सफल हुनु भएको छ। चुनावी अभियानको वित्तीय अवस्थाका बारेमा विश्लेषण गर्ने निकायले प्रकाशन गरेका प्रतिवेदनअनुसार अप्रिलदेखि जुन महिनाको त्रैमासिक अवधिमा ट्रम्पको चुनावी अभियानले २६ करोड ६० लाख डलर सङ्कलन गरेकामा त्यही समयमा वाइडेनको अभियानले २८ करोड २० लाख सङ्कलन गर्न सफल भएको छ। यसले गर्दा वित्तीय क्षमतामा पनि वाइडेन अगाडि रहेको राजनीतिक टिप्पणीकारले टिप्पणी गरेका छन्। अमेरिकामा खर्चिलो चुनावी अभ्यासमा मतदाता, व्यापारिक समूह, विभिन्न राजनीतिक समूहले आफ्नो एजेण्डामा साथ दिएकाहरुलाई चन्दासमेत दिने गर्छन्। यसलाई निर्वाचत जित्ने मजबुत आधारशीलाका रुपमा समेत लिइन्छ।

अमेरिकाको राष्ट्रपतीय निर्वाचनमा महत्वपूर्ण मानिने इलोक्ट्रोल कलेजको ५० राज्य र वाशिङ्गटन डिसी समेतको गरी कूल ५३८ स्थानमध्ये राष्ट्रपति निर्वाचित हुन २७० स्थानमा विजय प्राप्त गर्नुपर्छ। जनसङ्ख्याको आधार र ऐतिहासिक दस्तावेजहरुको विश्लेषण गर्दा जुन राज्यमा जुन पार्टीको वर्चस्व रहयो इलोक्टोल कलेजमा त्यही प्रक्रियाले चयन हुने देखिएको छ। तर यसपटक १६ वटा राज्यको इलोक्टोल भोटमा प्रतिस्पर्धा हुने विश्लेषण सञ्चारमाध्यमले सार्वजनिक गरिरहेका छन्। त्यसमा फलोरिडाको २९, पेन्सलभेनियाको २०, ओहियोको १८ नर्थ क्यारोलिनाको १५ एरिजोनाको ११, विसकन्सिनको १०, नेभडाको छ र न्यूह्याम्पसायरको चार भोट नै निर्णायक हुनेछन्। हालसालैको एक चुनावी सर्वेक्षणले ५ प्रतिशतले वाइडेन अगाडि भएको भएता पनि यी स्थानहरुमा पुनः चुनाव जित्नको लागि राष्ट्रपति ट्रम्पले ७३ प्रतिशत भोट ल्याउनुपर्ने हुन्छ। तर यस अगाडि सन् २०१६ मा ट्रम्पले यी स्थानबाट ९१ प्रतिशत मत ल्याउनुभएकाले जीत हासिल गर्न सक्ने सम्भावना रहेको विश्लेषण गरिएको छ।

अमेरिकामा विगत छ महिनामा कोरोना महामारी मात्र महासङ्कटका रुपमा देखापरेको होइन। यसले मानिसहरुले बेरोजगार हुनुपर्दाको पीडा र समयमा स्वास्थ्य सेवाका लागि प्राप्त हुनुपर्ने उपकरण उपलब्ध हुन नसक्नुमा ट्रम्प प्रशासनको दोष देख्ने समूह पनि सानो छैन। यी यावत् विषयका बाबजुद अमेरिकालाई महामारीपछिको विश्वास हासिल गर्दै विश्वमा आफ्नो महाशक्ति राष्ट्रको क्षमता देखाउन विश्वास गरेर जनताले कसलाई पठाउने छन् भन्ने विषय भने प्रतीक्षामै छ। तर यसपटक बहालवाला राष्ट्रपतिलाई पुनःनिर्वाचित हुन आफ्ना प्रतिद्वन्दीसँग कडा प्रतिस्पर्धा गर्नुपर्ने भने देखिन्छ। एकातिर देशमा महामारी बढ्दो छ भने अर्कातर्फ निर्वाचनको प्रक्रिया पनि शुरु नगरी नहुने अवस्था छ। यसले पनि वर्तमान राष्ट्रपतिलाई असर गर्ने देखिएको छ।

# कोइरालाको मुद्दामा पुनःसुनुवाइ गर्न अनुमति

काठमाडौँ, ११ साउन (रासस)।

सर्वोच्च अदालतले सशस्त्र प्रहरीका पूर्वप्रहरी नायब महानिरीक्षण रञ्जन कोइरालाको कर्तव्य ज्यानको मुद्दामा पुनःसुनुवाइ गर्न अनुमति दिएको छ।

न्यायाधीश बमबहादुर श्रेष्ठ, प्रकाशकुमार ढुङ्गाना र कुमार रेग्मीको पूर्ण इजलासले आइतबार सो मुद्दामा पुनरावलोकन गर्न अनुमति दिने आदेश दिएको हो। गत असार १५ गते प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा र न्यायाधीश तेजबहादुर केसीको संयुक्त इजलासले गरेको फैसलाउपर पुनःसुनुवाइ हुन लागेका हो। सो फैसलापछि कोइराला यही साउन ८ गते डिल्लीबजार कारागारबाट छुटेका थिए।

पूर्वडिआइजी कोइरालाले २०६८ सालमा पत्नी गीता ढकालको हत्या गरेर प्रमाण लुकाउन शव जलाएको देखिएपछि काठमाडौँ जिल्ला अदालत र ललितपुर पुनरावेदन अदालतले सर्वस्वसहित जन्मकैदको फैसला गरेको थियो।

जिल्ला र पुनरावेदन अदालतले सर्वस्वसहित जन्मकैदको फैसला सुनाएका कोइरालालाई सर्वोच्च अदालतले ११ वर्ष सजाय घटाउने फैसला गरेपछि महान्यायाधिवक्ताको कार्यालयले पुनरावलोकन निवेदन दर्ता गरेको थियो। पुनरावलोकनको अनुमति पाएको हुनाले उक्त मुद्दामा सर्वोच्च अदालतको तीन वा सोभन्दा बढी न्यायाधीशको इजलासबाट सुनुवाइ हुनेछ।

## विश्व समाचार

### विश्वभर सङ्क्रमितको संख्या एक करोड ६० लाख नाघ्यो

बेइजिङ, ११ साउन (रासस/सिन्ह्वा)।

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोनाभाइरसका कारण कुल सङ्क्रमितको संख्या एक करोड ६० लाखभन्दा बढी भएको छ।

जोन हप्किन्स विश्वविद्यालयले आइतबार दिएको जानकारीअनुसार विश्वभरी कुल एक करोड ६२ लाख १९ हजार ५८१ जना सङ्क्रमित भएका हुन्।

त्यसैगरी कोरोनाका कारण विश्वभरी अहिलेसम्म छ लाख ४८ हजार ७३० जनाको मृत्यु भएको पनि अधिकारीले जानकारी दिएका छन्।

कोरोनाबाट सङ्क्रमित भएर पनि सङ्क्रमणमुक्त भइसकेकाको संख्या भने ९९ लाख २२ हजार १८ पुगेको जनाइएको छ।

अहिलेसम्म सबैभन्दा धेरै अमेरिकामा सङ्क्रमित भएका छन्। पछिल्लो विवरणअनुसार अमेरिकामा ४३ लाख १५ हजार सङ्क्रमित हुँदा एक लाख ४९ हजार ३९८ जनाको मृत्यु भएको छ।

त्यसैगरी दोस्रो धेरै मानवीय क्षति व्यहोरेको ब्राजिलमा २३ लाख ९६ हजारभन्दा बढी सङ्क्रमित भएका छन् भने ८६ हजार ४९६ जनाको मृत्यु भएको छ।

तेस्रो धेरै प्रभावित भएको भारतमा एकैदिनमा ४९ हजार सङ्क्रमित भएको अधिकारीले जानकारी दिएका छन्।

उनीहरुका अनुसार पछिल्लो २४ घण्टामा भारतमा ४८ हजार ६६१ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्।

त्यसैगरी सोही अवधिमा ७०५ जनाको मृत्यु भएको र कुल मृतकको संख्या ३२ हजार ६३ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

### बंगलादेशमा कोभिड-१९ संक्रमितको संख्या दुई लाख २३ हजारभन्दा बढी

ढाका, ११ साउन (रासस/सिन्ह्वा)।

बङ्गलादेशमा कोभिड-१९ का कारण थप सङ्क्रमितको सङ्ख्या आइतबार दुई हजार २७५ पुगेको छ। यससँगै बङ्गलादेशमा सङ्क्रमण पुष्टि हुनेको कूल सङ्ख्या दुई लाख २३ हजार ४५३ पुगेको बताएको छ। स्वास्थ्य मन्त्रालयका वरिष्ठ अधिकारी नसिमा सुल्तानाले आइतबार सञ्चारकर्मीहरुसँग भन्नुभयो, "बङ्गलादेशमा विगत २४ घण्टामा थप ५४ कोभिड-१९ सङ्क्रमितको मृत्यु भएको र दुई हजार २७५ नयाँ बिरामीमा सङ्क्रमण पुष्टि भएको छ। योसँगै बङ्गलादेशमा कोभिड-१९ को महामारीका कारण मृत्यु हुनेको सङ्ख्या दुई हजार ९२८ पुगेको छ भने दुई लाख २३ हजार ४५३ व्यक्ति सङ्क्रमित भएका छन्।

बङ्गलादेशले विगत २४ घण्टामा १० हजार ७८ व्यक्तिको कोभिड-१९ परीक्षण भएको उल्लेख गरिएको छ। अहिलेसम्म निको भई घर फर्किने सङ्क्रमितको सङ्ख्या एक लाख २३ हजार ८८२ रहेको आइतबार मात्रै एक हजार ७९२ जना निको भएका उहाँले बताउनुभयो। अधिकारीका अनुसार बङ्गलादेशमा कोभिड-१९ सङ्क्रमितको मृत्यु दर १.३१ प्रतिशत रहेको र अहिलेसम्म ५४.४४ प्रतिशत सङ्क्रमित निको भई घर फर्किसकेका बताइएको छ।

### पश्चिम अफगानिस्तानमा सैनिक कारबाही, आठ लडाकू मारिए

फिरोजकोहा, अफगानिस्तान, ११ साउन (रासस/सिन्ह्वा)।

अफगानिस्तानको घोर प्रान्तको शाहराक जिल्लामा सरकारी सेनासँग भएको भीडन्तमा एक जना मुख्य तालिबान कमान्डरसहित आठ जना तालिबान लडाकू मारिएको सेनाले जनाएको छ। अफगान सेनाद्वारा जारी वक्तव्यमा आइतबार भएको उक्त भिडन्तमा तालिबान कमान्डर मुल्लाह खक्सारको मृत्यु भएको उल्लेख छ।

तालिबान कमान्डर मुल्लाह खक्सारको नेतृत्वमा आएको तालिबान समूहको एक टोलीले खारिस्तान क्षेत्रको एउटा सुरक्षा जाँच चौकीमा आक्रमण गरेपछि भीडन्त भएको थियो। सरकारी सेनाको जवाफी कारबाहीमा कमान्डर खक्सारसहित आठ जनाको घटनास्थलमै मृत्यु भएको र अरु लडाकू त्यहाँबाट भागेको सेनाले जनाएको छ। घोर प्रान्तका तालिबानमाथि कमान्डर खक्सारको मृत्युले ठूलो क्षति पुगेको सेनाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। फिरोज कोह राजधानी रहेको घोर प्रान्तमा तालिबानको प्रभावशाली उपस्थिति रहेको छ।

### उत्तर कोरियामा कोरोना नियन्त्रण गर्न संकटकाल घोषणा

सोल, ११ साउन (रासस/एएफपी)।

उत्तर कोरियामा कोरोना नियन्त्रणका लागि संकटकालको घोषणा गरिएको छ। कोरोनाभाइरसबाट सङ्क्रमित भेटिएपछि फैलिने डरले लकडाउनसहितको संकटकाल घोषणा गरिएको राज्यद्वारा सञ्चालित सञ्चारमाध्यमले जनाएको छ। सिमानामा पर्ने काएसोङ सहरमा पहिलो कोरोना सङ्क्रमित भेटिएकोले संकटकाल लगाउनु परेको अधिकारीले जानकारी दिएका छन्।

सर्वोच्च नेता किम जोङ उनले शनिबार पोलिटब्युरो बैठकमार्फत संकटकाल लगाउँदै उच्च सतर्कता अपनाउनु पर्ने निर्णय गराउनुभएको हो। नेता किमले भाइरसलाई परास्त पार्न उच्चतम आपतकालीन प्रणाली लागु गर्न आदेश दिनुभएको छ। आफ्ना गतिविधि एवम् विवरण गोप्य राख्ने गरेको उत्तर कोरियाले यसअघि कोरोना सम्बन्धी कुनै पनि घटना नभएको दावी गर्दै आएको थियो।

# सीमानाकामा थप कडाइ गर्न मुख्यमन्त्रीको निर्देशन

जनकपुर, ११ साउन (रासस)।

मुख्यमन्त्री लालबाबु राउतले कोरोना महामारी नियन्त्रणका लागि सीमानाकामा थप कडाइ गर्न सुरक्षा निकायलाई निर्देशन दिनुभएको छ। आइतबार सम्पन्न पिसिएमसीको बैठकमा मुख्यमन्त्री राउतले पछिल्लो समयमा प्रदेशमा कडा लक्षण सहितको कोरोना सङ्क्रमित फेला पर्न थालेकाले सीमानाकामा थप कडाइ गर्न निर्देशन दिनुभयो।

प्रदेश नं २ को सीमावर्ती जिल्लामा लुकीछुपी भित्रिने गरिएको उल्लेख गर्नुहुँदै उहाँले तीनवटै सुरक्षा निकायलाई सीमानाकामा थप कडा गर्नुपर्ने बताउनुभयो। बैठकमा मुख्यमन्त्री राउतले लक्षण सहितको कोरोना सङ्क्रमितहरू देखिन थाले पनि यसबाट जोगिन अपनाउनुपर्ने उपायबारे विज्ञहरूसँग सुझावसमेत लिनुभएको मुख्यमन्त्री राउतका प्रेस संयोजक आतिश मिश्रले जानकारी गराउनुभयो।

कोरोना नियन्त्रणका लागि प्रदेश सरकारबाट भए/◘ गरेको कामकाजको प्रगतिबारे जानकारी लिनुहुँदै मुख्यमन्त्री राउतले रोकथाम, नियन्त्रण र उपचारलाई थप प्रभावकारी बनाउन निर्देशनसमेत दिनुभयो। सो बैठकमा सामाजिक विकासमन्त्री नवलकिशोर साह, प्रमुख सचिव अर्जुनप्रसाद पोखरेलसहित विभिन्न मन्त्रालयका सचिवहरू, विज्ञ समूहका सदस्यहरू र सुरक्षा निकायका प्रमुखहरू उपस्थिति रहेको थियो।

# एकलाख बढी मुल्यको भन्सार छलेका कपडा बरामद



**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन।**

प्रहरीको गस्ति टोलीले भारतबाट नेपाल तर्फ अबैध रुपमा भन्सार छलि ल्याउदै गरेको एक लाख बढी मुल्य बराबरको विभिन्न कपडाहरु नियन्त्रणमा लिएको छ।

प्रहरीले राजविराज ७ गजेन्द्र चौकस्थित भारतबाट नेपाल तर्फ अवैध रुपमा ल्याई बेवारिसे अवस्थामा छाडेको अन्दाजी २७ हजार मुल्य बराबरको सर्ट र पेन्ट बरामद गरेको छ।

त्यस्तै सप्तरीको विष्णुपुर गाउँपालिका ६ गोरगामा स्थितमा भारतबाट नेपाल तर्फ अबैध रुपमा ल्याई बेवारिसे अवस्थामा छेडेको अन्दाजी ९० हजार मुल्य बराबरको साडी समेत प्रहरीले बरामद गरेको जनाएको छ।

ती दुबै स्थानबाट बरामद गरिएको सामानहरु जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिई भन्सार कार्यालय तिलाठीमा बुझाइएको जनाइएको छ।

# सूचना

**नोभल कोरोना भाईरस (कोभिड१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता – **प्रेम कुमार यादव**
**अध्यक्ष**
**राजविराज नगरपालिका वडा नं. ६**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*